# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ४ संख्या २ मिति २०७७ बैशाख ३१ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**कोभिड-१९ विरुद्धको प्रतिकार्य कार्यविधि, २०७७**

प्रस्तावना: कोरोना भाइरस रोग (कोभिड-१९) को महामारी नियन्त्रण गर्न, संक्रमण फैलन नदिन, नागरिकहरुको जीवन सुरक्षा एवम् उपचारको लागि आवश्यक कार्य गर्न तथा महामारीको कारण विपद् र सङ्कटमा परेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, गर्भवती तथा सुत्केरी महिला, शिशु तथा बालबालिका, दैनिक ज्यालादारी गरेर जीवन निर्वाह गर्ने श्रमिकहरु, अरुको सहायतामा बाँचेकाहरु, विपन्न, सुकुम्वासी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एंव अन्य जोखिममा रहेका अन्य व्यक्तिलगायत सर्म्पूण नागरिकहरुको जीवन रक्षा गर्न आवश्यक भएकोले,

सङ्घीय र प्रदेश सरकारद्वारा जारी गरिएका विभिन्न निर्देशिका तथा कार्यविधि र गाउँपालिकाको अधिकारक्षेत्रभित्र रही यस गाउँपालिकाले प्रवाह गर्ने सूचना तथा जानकारी, आवश्यक तथ्याङ्क सङ्कलन तथा विश्लेषण, स्वास्थ्य सेवा, स्वास्थ्य परीक्षण, क्वारेण्टिन, आइसोलेशन, कोभिड संक्रमणको परीक्षण, सरोकारवालहरुसँगको सहकार्य र राहत सामग्री वितरणसमेतको कार्यलाई व्यवस्थित र प्रभावकारी गर्न जरुरी देखिएकोले,कोभिड-१९ विरुद्धका प्रतिकार्यमा स्थानीय तहबाट गरिने कार्य, अनुगमन र व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम भुम्लु गाँउपालिकाले यस **कोभिड-१९ विरुद्धको प्रतिकार्य कार्यविधि**, *२०७७* बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : १) यो कार्यविधिको नाम *कोभिड-१९* विरुद्धको प्रतिकार्य कार्यविधि, *२०७७* रहेको छ ।

   २) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. कार्यविधिको उद्देश्य : यस कार्यविधिको उद्देश्य देहायबमोजिम छ ।

क) कोभिड-१९ विरुद्ध गरिने प्रतिकार्यको लागि नीतिगत वातावरण तयार गर्ने,

ख) कोभिड-१९ को परीक्षण, रोग नियन्त्रण तथा उपचारको लागि आवश्यक व्यवस्था गर्ने,

ग) कोभिड-१९ सँग सम्बन्धित सूचना तथा जानकारी सङ्कलन, विश्लेषण र त्यसको प्रवाहको लागि सहज वातावरण निर्माण गर्ने, र

घ) कोभिड-१९ नियन्त्रण तथा उपचारको लागि समन्वय र सहकार्यमा सहजीकरण गर्ने ।

३. कार्यविधिले समेट्ने क्षेत्रहरु :

यस कार्यविधिले तल उल्लिखित क्षेत्रमा निर्देशन, सहकार्य र समन्वय गर्ने, सेवा तथा सूचना उपलब्ध गराउने, तथ्याङ्क विश्लेषण गर्ने, राहत सामग्री सङ्कलन र वितरण गर्नेलगायतका कार्यहरु गर्नेछ ।

क) कोभिड-१९ बारे जनचेतना,

ख) कोभिड-१९ सम्बन्धमा सूचना सङ्कलन,

ग) क्वारेण्टिन स्थान र बेड सञ्चालन तथा आइसोलेशन व्यवस्थापन,

घ) स्वास्थ्य जाँच र संक्रमितहरुको उपचार सम्बन्धमा,

ङ) नागरिकहरुको लागि खाद्यान्न आपूर्ति,

च) लकडाउन तथा भौतिक दूरी कायम राख्ने सम्बन्धमा,

छ) राहत सामग्री सङ्कलन र वितरण,

ज) आर्थिक व्यवस्थापन,

झ) अनुगमन, मूल्याङ्कन तथा उत्प्रेरणा,

ञ) सूचना सङ्कलन र व्यवस्थापन,

ट) सुरक्षा सम्बन्धमा,

ठ) सहकार्य र समन्वय

४. कोभिड-१९ बारे जनचेतना :

१) टेलिफोन, अनलाइन समाचार पोर्टल, रेडियो, गाउँपालिकाको वेबसाइट, सामाजिक सञ्जाल, पोष्टर तथा अन्य माध्यमबाट गाउँपालिकाको सबै क्षेत्रका नागरिकहरुलाई कोभिड-१९ संक्रमणबारे जानकारी दिने र त्यसबारे सचेतना जगाइनेछ ।

२) कोभिड-१९ का लक्षण, यसबाट बच्न अपनाउनु पर्ने व्यवहार तथा नियमलाई व्यापक प्रचार प्रसार गरिने छ तर विभिन्न व्यक्ति तथा तह र माध्यमबाट अफवाह फैलाउने र डर तथा भ्रम श्रृजना गर्नेजस्ता समाचार तथा सूचना प्रकाशन र संप्रेषणलाई निरुत्साहित गरिनेछ ।

३) यस्तो सूचना तथा जानकारी तयार तथा प्रसारण गर्दा समुदायका प्रमुख भाषा भाषिकाहरुलाई समेत प्राथमिकता दिइनेछ ।

४) कोभिड-१९ बारे आवश्यक जानकारी नभएमा व्यक्ति र समुदायमा हुने जोखिमलाई ध्यानमा राखी स्वास्थ्य स्वंसेविकामार्फत्समेत यसबारे जानकारी र चेनता अभिवृद्धि गरिनेछ ।

५) गाउँपालिकाभित्रका प्रत्येक घरमा कोभिड-१९ बारे आवश्यक सूचना र जानकारी पुऱ्याउन वडाअध्यक्षको अगुवाइमा आवश्यक प्रक्रिया वा अभियान सञ्चालन गरिनेछ ।

**५.** कोभिड-१९ सम्बन्धमा सूचना सङ्कलन :

१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गरेका, गाउँपालिकामा घर भई बाहिर बसोबास रहेकोमा कोभिड-१९ को महामारीको समयमा घर फर्किएका प्रत्येक व्यक्तिहरुको वडामार्फत् जानकारी सङ्कलन गर्नेछ ।

२) कोभिड-१९ को महामारीपछि यस गाउँपालिकामा भारत तथा अन्य देशबाट फर्केका प्रत्येक व्यक्तिले स्वतःस्फूर्त रुपमा सम्बन्धित वडामार्फत् गाउँपालिकालाई जानकारी दिनुपर्ने छ ।

३) यस गाउँपालिकामा बस्ने कसैलाई कोभिड-१९ को लक्षण (ज्वरो, सुक्खा खोकी र स्वासप्रश्वास समस्या) देखिएमा वा यी लक्षण देखिएर कुनै स्वास्थ्य संस्थामा उपचार गराइरहेको अवस्थामा पनि आफ्नो वडामार्फत् गाउँपालिकालाई जानकारी दिनुपर्ने छ ।

४) गाउँपालिकाले यस्तो सूचना तथा जानकारी व्यक्तिगत गोपनीयता कायम रहनेगरी प्रकोप नियन्त्रणको उद्देश्यको लागि मात्र प्रयोग गर्नेछ ।

५) कोभिड-१९ सँग सम्बन्धित कुनै पनि विषयमा कुनै पनि व्यक्तिले गाउँपालिकालाई जानकारी दिन चाहेमा गाउँपालिकाको सामाजिक सञ्जाल, इमेल गाउँपालिकको

फोन नम्बर वा सम्बन्धित वडामार्फत् जानकारी दिनसक्ने छन् ।

६. क्वारेण्टिन स्थान र बेड सञ्चालन तथा व्यवस्थापन :

१) गाउँपालिकाले विदेश तथा भारतबाट फर्किएका, कोभिड-१९ संक्रमितसँग प्रत्यक्ष सम्पर्कमा आएका, आधारभूत कोभिड-१९ लक्षण देखिएकाहरुलाई राख्नको लागि आवश्यक मात्रामा क्वारेण्टिन स्थान र बेडहरुको व्यवस्था गर्नेछ ।

२) यस्ता क्वारेण्टिन स्थान र बेडहरुमा आवश्यक आधारभूत स्वास्थ्यलगायतका अन्य सेवा, सुविधा र सूचनाहरु उपलब्ध गराइनेछ । महिला तथा पुरुषको लागि छुट्टा छुट्टै क्वारेण्टिन स्थान र बेडहरुको व्यवस्था गरिनेछ ।

३) क्वारेण्टिनमा बसेको अवस्थामा प्रत्येक व्यक्तिबीच १ मिटरको दूरी अनिवार्य कायम राख्नुपर्ने छ । परिवार तथा आफन्तहरुसँगको भेटघाट बन्देज गरिनेछ ।

४) विदेश तथा भारतबाट फर्केका, कोभिड-१९ संक्रमितसँग प्रत्यक्ष सम्पर्कमा आएका, आधारभूत कोभिड-१९ लक्षण देखिएका प्रत्येक व्यक्तिले अनिवार्य रुपमा १४ दिन क्वारेण्टिनमा बस्नुपर्ने छ । क्वारेण्टिनमा रहँदाको खर्च व्यक्ति स्वयम्ले गाउँपालिकाले तोके बमोजिम र बाँकी सबै खर्च गाउँपालिकाले उपलब्ध गराउनेछ ।

५) क्वारेण्टिनको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले जारी गरेका निर्देशनको पालना गर्दै

आवश्यकताअनुसार अन्य नियमहरु निर्माण गरी लागु गर्नसकिने छ ।

६) क्वारेण्टिन स्थान तथा बेडको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ ।

**७.** स्वास्थ्य जाँच र संक्रमितहरुको उपचार सम्बन्धमा :

१) नागरिकको स्वास्थ्य जाँच तथा जानकारी प्रवाह गर्न वडा कार्यालयको समन्वयमा हेल्थ डेस्कहरु स्थापना गरिनेछन् । यस्ता हेल्थ डेस्कबाट आधारभूत स्वास्थ्य सेवा र सूचनाहरु उपलब्ध गराइनेछ। स्थापना भएका हेल्थ डेस्कको स्थानबारे विभिन्न माध्यमद्वारा सबै गाउँपालिकाबासीहरुलाइ जानकारी दिइनेछ ।

२) गाउँपालिकाले संक्रमितहरुको उपचारको गर्न कुनै उपचार केन्द्र स्थापना गरी सेवा सञ्चालन गर्नसक्ने छ । यस्ता केन्द्रका साथै स्वास्थ्य सेवा प्रदान गरिरहेका अन्य अस्पताल, जिल्ला अस्पताल, क्षेत्रीय तथा प्रादेशिक अस्पतालमा संक्रमितको उपचारको लागि आवश्यक समन्वय गरिनेछ ।

३) उपचारको लागि आवश्यक विभिन्न औषधि तथा उपचार सामग्री र स्वास्थ्यकर्मीको लागि जिल्ला, प्रदेश तथा सङ्घीय सरकारसँग पनि आवश्यक समन्वय र सहकार्य गरी उचित व्यवस्था गरिनेछ ।

४) स्वास्थ्य उपचारको लागि आवश्यक डाक्टर तथा स्वास्थ्यसँग सम्बन्धित जनशक्तिको व्यवस्था मिलाइनेछ ।

यस्तो परिस्थितिमा काम गर्ने डाक्टर तथा स्वास्थ्य क्षेत्रका कर्मचारीलाई विशेष सुविधा उपलब्ध गराइनेछ ।

५) कोभिड-१९ जस्तो महामारीबाट संक्रमित बिरामीको गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा हुने उपचारमा लाग्ने खर्च गाउँपालिकाले व्यहोर्नेछ । गाउँपालिका बाहिर लगी उपचार गर्नु परेमा नियमानुसार हुनेछ ।

६) उपचारको प्रक्रियामा अवरोध पुर्‍याउने तथा सुरक्षामा आँच आउने क्रियाकलाप गर्नेलाई कानुनबमोजिको सजाँयको निम्ति सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

७) कोभिडको कारणले औषधोपचारको क्रममा बिरामीको मुत्यु भएमा अन्त्येष्टिको प्रवन्ध गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

८) गाउँपालिकाले आफ्नो क्षेत्रअन्तर्गतका सबै सरकारी तथा निजी स्वास्थ्य सेवा संस्थाहरु, उनीहरुसँग भएको सेवा, सुविधा (बेड, भेण्टिलेटर) सहितको विस्तृत सूची तयार गर्नेछ र सोसम्बन्धी जानकारी सार्वजनिक रुपमा प्रवाह गर्नेछ ।

९) आफ्नो मातहतका स्वास्थ्य संस्थाबाट फोनमा वा अन्य अनलाइन विधिबाट सामान्य बिरामीलाई स्वास्थ्य सेवा तथा सूचना दिने व्यवस्था मिलाइनेछ ।

१०) कोभिड-१९ को कारणले कसैलाई अनावश्यक डर तथा मानसिक समस्या देखिएमा आवश्यकताअनुसार गाउँपालिकाले प्रत्यक्ष वा फोनमार्फत् मनोसामाजिक परामर्श सेवा पनि उपलब्ध गराउनेछ ।

८. खाद्यान्न तथा अन्य आवश्यक सामग्रीको आपूर्ति :

१) गाउँपालिकाले आवश्यक खाद्यान्न तथा अत्यावश्यक वस्तुहरुको सहज आपूर्तिको लागि वडामार्फत् व्यवस्था मिलाउनेछ। खाद्यान्य, औषधि र अन्य अत्यावश्यक सेवाको लागि सुरक्षाका मापदण्ड लागु गरी सेवा सञ्चालनको व्यवस्था गरिनेछ । यसको लागि सरोकारवालहरुसँग सहकार्य र समन्वय गरिनेछ।

२) सङ्कटको बेला खाद्यान्न र औषधिजस्ता वस्तुको मूल्य वृद्धि तथा कालोबजारी नहोस् भन्ने सुनिश्चित गर्न आवश्यक निर्देशन जारी गर्ने तथा वडा अध्यक्षको नेतृत्वमा त्यसको नियमित अनुगमनको व्यवस्था मिलाइनेछ।

३) अति आवश्यक वस्तुहरु जस्तै खाद्यान्न, दुध, पानी तथा औषधिलगायतको सहज दुवानीको व्यवस्था मिलाइनेछ।

४) गाउँपालिकाले वडाहरुसँग समन्वय गरी प्रत्येक वडामा रहेका खाद्यान्य तथा अन्य आवश्यक सामग्री विक्रेताहरुको सम्पर्क नम्बरसहितको पूर्ण सूचि तयार गर्नेछ र सोसम्बन्धी सूचना नियमित प्रवाह गरिनेछ।

५) सम्बन्धित सबै सूचना तथा जानकारीहरु नियमित रुपमा गाउँपालिकाको वेबसाइट, सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमहरुबाट प्रसारण गरिनेछ र गाउँपालिकाको ९८५१२१९६५३ नम्बरबाट पनि नागरिकहरुले यसबारे जानकारी लिनसक्ने छन्।

९. सुरक्षाबन्दी (लकडाउन) तथा भौतिक दूरी कायम राख्ने सम्बन्धमा :

१) नेपाल सरकार (संघ, प्रदेश र स्थानीय तह) ले गरेको लकडाउनलाई पूर्णतः पालना गर्ने दायित्व नागरिकको हुनेछ । तोकिएको समयमा आवश्यक कामको लागि मात्र घरबाहिर निस्कन पाइनेछ ।

२) प्रत्येक नागरिकले सरकारले दिएको निर्देशनअनुसार भौतिक दूरी कायम गरी बस्नुपर्ने छ । अत्यावश्यक कार्यबाहेक बाहिर हिँडडुल, भेटघाट, छलफल गर्न निरुत्साहित गरिनेछ ।

३) गाउँपालिकाले यस्तो सङ्कटको बेला भेला, बैठक, भोज-भतेर, चाडपर्व आदिमा रोक लगाउन सक्नेछ । यस्तो बेला नागरिकहरुले सरकारको निर्देशन पालना गर्नुपर्ने छ । यसको उल्लङ्घन गर्नेलाई कानुनबमोजिमको सजाँयको लागि गाउँपालिकाले सम्बन्धित निकायमा लेखिपठाउनेछ ।

४) लकडाउनको अवस्थामा कसैले कुनै व्यक्तिको अधिकार र मर्यादामा आँच पुऱ्याउने वा घरेलु हिंसाजस्ता कार्य गरेमा त्यसको न्यायिक प्रक्रियाको लागि गाउँपालिकाले समन्वय र सहजीकरण गर्नेछ ।

**१०.** राहत सामग्री सङ्कलन र वितरण :

१) गाउँपालिकाले वडा कार्यालयमार्फत् कोभिडको कारणले अप्ठारोमा परेका गरीब, अपाङ्गता भएका व्यक्ति, विपन्न, मजदुर तथा कमजोर आर्थिक अवस्था भएका व्यक्तिहरुको लगत सङ्कलन गर्नेछ ।

२) गाउँपालिकाले उपदफा १ को लगतको आधारमा आवश्यक खाद्यान्नको व्यवस्था गरी वडा कार्यालयसँगको समन्वयमा

एकद्वार प्रणालीमार्फत् राहत वितरण गर्नेछ । यसको लागि गाउँपालिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

३) राहत सामग्रीको लाागि गाउँपालिकाले प्रदेश सरकारबाट प्राप्त रकम, गाउँपालिकाको बजेट र अन्य विभिन्न व्यक्ति, सङ्घ-संस्था, ट्रष्ट, व्यापारी आदिबाट प्राप्त रकम र सामग्री उपयोग गर्नेछ ।

४) उपदफा २ बमोजिम विभिन्न व्यक्ति, सङ्घ-संस्था, ट्रष्ट, व्यापारी आदिबाट प्राप्त रकम र सामग्रीको व्यवस्थित विवरण र लगत तयार गरी सार्वजनिक गरिनेछ ।

५) गाउँपालिका र वडाद्वारा प्रदान गरिएको राहत र सो राहत प्राप्त गर्नेको विस्तृत विवरण तयार गरी गाउँपालिकाको वेबसाइट वा अन्य सञ्चारमाध्यमबाट पारदर्शी तरिकाले सार्वजनिक गरिनेछ ।

६) राहत सामाजिक न्याय तथा प्राथमिकताको आधारमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

**११.** आर्थिक व्यवस्थापन :

१) गाउँपालिकाले कोभिडसँग सम्बन्धित कार्य गर्नको लागि संक्रमणकालीन व्यवस्थाको लागि छुट्टै आपत्कालीन कोष खडा गरी रकम जम्मा तथा परिचालन गर्नेछ ।

२) यस्तो आपत्कालीन कोषमा विभिन्न व्यक्ति, निजी क्षेत्र, समाजिक सङ्घ-संस्था, प्रदेश तथा सङ्घीय सरकार आदिबाट प्राप्त रकम राखिनेछ ।

३) यो कोषमा रकम जम्मा गर्न चाहिने व्यक्ति तथा संस्थाले गाउँपालिकाको तोकिएको ब्याङ्क खाता नम्बरमा जम्मा गर्न सक्नेछन् । यो कोषको रकम कोभिडसँग सम्बन्धित कार्यमा पारदर्शी रुपमा खर्च गरिनेछ ।

४) कोषको तथ्याङ्क गाउँपालिकाको बैठकमा प्रस्तुत गरिनेछ एवम् नागरिकको जानकारीको लागि वेबसाइटमा राखिनेछ तथा अन्य माध्यमको प्रयोग गरी समय-समयमा सार्वजनिक गरिनेछ ।

**१२.** अनुगमन, मूल्याङ्कन तथा उत्प्रेरणा :

१) कोभिड-१९ जस्तो महामारीमा सेवा पुऱ्याउने व्यक्ति तथा सङ्घ-संस्थाको कामको उचित मूल्याङ्कन गरिनेछ । विपद्को समाप्तिपछि सहयोग पुऱ्याउने व्यक्ति तथा सङ्घ-संस्थालाई उनीहरुको योगदानको लागि सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।

२) यो कार्यविधि कार्यान्वयन भएको अवस्थामा वडा अध्यक्षको नेतृत्वमा एक समिति गठन गरी यस कार्यविधिअनुसार गरिएका कार्यको नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।

३) यो कार्यविधि कार्यान्वयनको समयमा खटिएका कर्मचारी एवम् स्वंयसेवीहरुलाई विभिन्न तरिकाबाट उत्प्रेरित गरिनेछ । यो विपद्को समयमा हातेमालो गर्ने विभिन्न व्यक्ति, निजी क्षेत्र, सुरक्षा निकाय र सङ्घ-संस्थालाई उनीहरुको योगदानको कदरस्वरुप विपद्को समाप्तिपछि पहिचान, कदर, सम्मान, पुरस्कार प्रदान गरिनेछ ।

**१३.** सूचना सङ्कलन, विश्लेषण र प्रवाह :

१) सूचना सङ्कलन, विश्लेषण र प्रवाहको लागि आवश्यक ढाँचा तयार गरी कार्यान्वयन गर्न गाउँपालिकाको सूचना अधिकारीको संयोजकत्वमा एक उपसमिति गठन गरिनेछ।

२) मिडिया तथा अन्य व्यक्तिले वेबसाइट र सामाजिक सञ्जालका अतिरिक्त गाउँपालिकाले तोकेको व्यक्तिमार्फत् सूचना पाउनसक्ने छन् । सूचना अधिकारीको फोन नम्बर मार्फत् निरन्तर सूचना प्राप्त गर्नसकिने छ ।

३) कोभिडबारे कुनै पनि जानकारी चाहिएमा गाउँपालिकाको हटलाइन नम्बरमा जुनसुकै बेला सम्पर्क गरी आफूले चाहेको जानकारी तथा सूचना लिनसकिन्छ ।

**१४.** सुरक्षा सम्बन्धमा :

१) महामारीको बेला गाउँपालिकाले सुरक्षा थप व्यवस्थित गर्नेछ । यसको जानकारी विभिन्न माध्यमबाट नागरिकहरुलाई गराइनेछ ।

२) सरकारले तोकेको मापदण्ड उल्लङ्घन गर्ने, अटेर गरी लकडाउन तोड्ने व्यक्तिलाई उचित कारवाहीको सिफारिस गरिनेछ ।

३) सुरक्षा सम्बन्धमा आवश्यक परेको खण्डमा गाउँपालिकाले समुदायसँगको परामर्शमा स्वयम्सेवकहरु परिचालन गर्न सक्नेछ ।

४) गाउँपालिकाले उपचारमा संलग्न डाक्टर तथा अन्य स्वास्थ्यकर्मीको सुरक्षाको लागि आवश्यक सुरक्षाको बन्दोबस्त गर्नेछ ।

५) यो कार्यविधि कार्यान्वयनमा रहेको अवस्थामा गाउँपालिकाले नगर प्रहरी तथा सुरक्षा निकायको समन्वयमा सुरक्षा अधिकारीहरुसमेत परिचालन गर्नसक्ने छ ।

**१५.** सहकार्य र समन्वय :

१) गाउँपालिकाले विभिन्न व्यक्ति र निकायहरुसँग सहकार्य र समन्वयमा प्रभावकारी सेवा सञ्चालन गर्नेछ । सहकार्य र समन्वयको लागि गाउँपालिकाले जोकोहीलाई पनि आमन्त्रण गर्नसक्ने छ ।

२) गाउँपालिकासँग समन्वय र सहकाय गर्न चाहनेले गाउँपालिकाको नम्बरमा सम्पर्क गर्न सक्नेछन् । आवश्यकता र प्रभावकारिताको आधारमा सहकार्य र समन्वयन गरिनेछ ।

३) सूचना प्रवाहमा मिडिया, स्रोत व्यवस्थापनमा निजी क्षेत्र, दाता, गैसस, खाद्यान्य तथा औषधि व्यवस्थापनमा निजी क्षेत्र, सुरक्षाको व्यवस्थापनमा सुरक्षा निकाय, आइसोलेशन वार्ड सञ्चालनमा निजी क्षेत्र र विद्यालय र अन्य आवश्यक सरोकारवालाहरुसँग विशेष सहकार्य र समन्वय गरिनेछ ।

**१६.** गुनासो सुनुवाइ :

१) यो कार्यविधिको कार्यान्वयनसम्बन्धी गुनासोको सुनुवाइ वडा स्तरमा वडा अध्यक्षले र गाउँपालिकास्तरमा अध्यक्षको नेतृत्वमा गरिनेछ ।

२) कार्यविधिको कार्यान्वयन सम्बन्धी गुनासोलाई पारदर्शी र जिम्मेवार तरिकाले सम्बोधन गरिनेछ ।

**१७.** बाधा अड्चन फुकाउने :

१) यस कार्यविधिको व्याख्या गर्ने अधिकार प्रमुख/अध्यक्षमा हुनेछ । प्रमुख/अध्यक्षको निर्देशनमा सबैको सहयोग र समन्वयमा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा यो कार्यविधि कार्यान्वयन गरिनेछ ।

२) कोभिड-१९ को महामारीको नियन्त्रणसँग सम्बन्धित तर कार्यविधिमा उल्लेख नभएका विषयमा कार्यविधिको उद्देश्यअनुसार अध्यक्षले निर्देश गरे अनुसार हुनेछ ।

**१८.** भए, गरेको मानिने :

१) यो कार्यविधि लागु हुनुपूर्व यस गाउँपालिका तथा वडाहरुबाट भए, गरेका कामकारवाहीहरु यसै कार्यविधिअनुसार भएको मानिनेछ ।

**१९.** स्थगन वा खारेजी :

१) कोभिड-१९ को महामारीको नियन्त्रणपछि वा अब यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक छैन भन्ने कार्यपालिकाबाट निर्णय भएमा सो निर्णयबमोजिम यो निर्देशिका कार्यान्वयन स्थगन वा खारेज भएको मानिनेछ ।

आज्ञाले,
मदन कुमार बजगाई
प्रमुख प्रशासकीय अधिकृत